नेपाल एसबिआई बैंक लिमिटेड

**NEPAL SBI BANK LTD.**

परिवर्तनशील नेपालको सर्वाधिक लोकप्रिय बैंक

# शाखा कार्यालयका लागी घर वा भवन भाडामा उपलब्ध गराउने सम्बन्धमाः

प्रथमपटक प्रकाशित मिति २०७८/०६/२५ (2021/10/11)

यस बैंकलाई आफ्नो शाखा कार्यालय स्थापना गर्न तपसिलमा उल्लेखित विवरण बमोजिमको घर लामो अवधीका लागी बहालमा लिन आवश्यक परेकाले यो सूचना प्रकाशित गरिएको छ । इच्छुक घरधनीले यो सूचना प्रकाशित भएको मितिले ३० दिन भित्र कार्यालय समयभित्र (सो दिन सार्वजनिक विदा परेमा सो लगत्तै कार्यालय खुलेको दिन) तल उल्लेखित ठेगानामा आफ्नो शिलबन्दी प्रस्ताव पेश गर्नुहुन अनुरोध छ ।

**बहालमा घर लिनचाहेको स्थानहरुः**

- भद्रपुर, झापा
- दुहबी, सुनसरी
- सिरहा बजार, सिरहा
- धादिङ बेसी, धादिङ
- दुलेगौंडा, तनहुँ
- लमही, दाङ
- अत्तरिया, कैलाली

**शिलबन्दी प्रस्तावमा खुलाउनुपर्ने विवरणहरू तथा संलग्न गर्नुपर्ने कागजातहरुः**

१. भवन निर्मित जग्गाको जग्गाधनी प्रमाणपत्र पुर्जाको प्रतिलिपि ।

२. भाडामा दिन चाहेको भवन रहेको स्थानको पूर्ण विवरण, भवनको स्वीकृत नक्शा, भवन निर्माण सम्पन्न भएको प्रमाणपत्र र फोटो ।

३. घरधनी र सम्पर्क व्यक्तिको नाम, ठेगाना तथा सम्पर्क टेलिफोन नम्बर ।

४. प्रस्तावित भवनको मासिक भाडा रकम (कर सहित) ।

५. प्रस्तावित भवनको बैंकलाई हस्तान्तरण गर्न सकिने मिति ।

६. यदि प्रस्तावित भवन फर्म वा कम्पनीको नाममा दर्ता कायम रहेको भएमा निम्न लिखित कागजातहरू अनिवार्य रूपमा संलग्न गर्नुपर्नेछ ।
   - फर्म/कम्पनीको दर्ता प्रमाणपत्रको प्रतिलिपि ।
   - आयकर दर्ता प्रमाणपत्रको प्रतिलिपि तथा पछिल्लो आर्थिक वर्षको कर चुक्ता प्रमाणपत्र ।
   - कम्पनीको प्रबन्धपत्र तथा नियमावलीको प्रतिलिपि ।
   - कम्पनीको हकमा भवन भाडा दिने सम्बन्धी संचालक समितिको निर्णयको निर्णय उतार ।

७. यदि प्रस्तावित भवन बहालमा/लिजमा लिइएको जग्गामा निर्मित भएमा जग्गाधनी तथा भवन निर्माण गर्ने व्यक्ति/फर्म/कम्पनी बिचमा भएको सम्झौताको प्रतिलिपि ।

**शर्तहरुः**

१. प्रस्तावित भवनहरूमा पानी, ढल, ३ फेज विद्युत तथा पर्याप्त पार्किङ्गको सुविधा सहित न्यूनतम ६ मिटर चौडाइको मोटर बाटोसँग जोडिएको हुनुपर्नेछ ।

२. प्रस्तावित भवन सडक बिस्तार योजनामा नपरेको हुनुपर्नेछ ।

३. प्रस्तावित भवन भुकम्प प्रतिरोधात्मक पिलर सिस्टमबाट बनेको पक्की भवन हुनुपर्नेछ र बैंक संचालन गर्न उपयुक्त हुनुपर्नेछ ।

४. प्रस्तावित भवन शाखा कार्यालय संचालनार्थ न्यूनतम १० वर्षको लागी बहालमा उपलब्ध गराउनु पर्नेछ ।

५. प्रस्तावित भवनको न्यूनतम क्षेत्रफल २,००० वर्ग फिट हुनुपर्नेछ । साथै, भुई तला बाहेक अन्य तलाहरु भाडामा उपलब्ध गराउन चाहेको भएमा भुई तलामा ATM राख्नका लागि 10 ft x 12 ft को ए.टि.एम. कोठा (ATM ROOM) अनिवार्य रुपमा उपलब्ध गराउनु पर्नेछ ।

६. बैंकलाई विद्युत आपूर्तीका लागी आवश्यक पर्ने जेनेरेटर राख्ने स्थान अनिवार्य रूपमा निशुल्क उपलब्ध गराउनु पर्नेछ ।

७. बैंकले घरबहाल भुक्तानी गर्दा प्रचलीत कानून अनुसार सम्पूर्ण कर (बहाल कर, स्थानिय निकायलाई भुक्तानी गर्नुपर्ने कर) कट्टी गरी बहाल रकम भुक्तानी गर्नेछ ।

८. भुई तला तथा प्रथम तलालाई विशेष ग्राहयता दिइनेछ । निर्माण सम्पन्न भईसकेको घरलाई प्राथमिकता दिईनेछ ।

९. घरधनीको निवेदन मात्र मान्य हुनेछ (कम्पनीको हकमा अधिकार प्राप्त व्यक्ति) ।

१०. कुनै कारण समेत नदर्शाई प्रस्ताव अस्वीकृत गर्ने वा छनौटमा परेका प्रस्ताव उपर समेत पुनः नेगोसिएसन गर्ने सर्वाधिकार बैंकमा सुरक्षित रहने छ । यस सम्बन्धी पत्राचार उपर समेत कुनै कारवाही गरिने छैन ।

११. बैंकबाट कुनै प्रस्ताव स्वीकृत भएमा त्यस्तो स्वीकृत प्रस्तावका प्रस्तावक वा सम्पर्क व्यक्तिलाई सम्पर्क गरी बैंकले घरधनीसंग छुटै बहाल सम्झौता गरी प्रस्तावित घर वा भवन बहालमा लिनेछ ।

१२. इच्छुक घरधनीले पेश गर्नुपर्ने प्रस्ताव शिलबन्दी गरी खामको बाहिरी भागमा प्रष्ट रुपमा "................................ शाखा कार्यालयको लागि घर भाडा प्रस्ताव" उल्लेख गरी सामान्य सेवा विभाग, नेपाल एसबिआई बैंक लि. , प्रधान कार्यालय, केशरमहल, काठमाडौंको ठेगानामा पेश गर्नुपर्नेछ ।

१३. म्याद नाघी प्राप्त हुन आएको प्रस्ताव उपर कुनै कारवाही अगाडी बढाइने छैन ।

१४. बैंकको प्रयोजनको लागि बहालमा दिने घर/भवनधनीले सो घरको सुरक्षाको लागि घरको बीमा अनिवार्य रुपमा गराउनु पर्नेछ ।

सामान्य सेवा विभाग, केशर महल, काठमाडौं, फोन नं. ०१-४४३५६१३